# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

खण्ड : ९ सङ्ख्या : ५ मिति : २०८२ चैत ११


नगर सभाबाट पारित मिति : २०८२ चैत ६

प्रमाणीकरण मिति : २०८२ चैत ११

## भाग-१

## सुन्दरहरैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको १७ औँ नगर सभाले यो ऐन स्वीकृत गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२

**प्रस्तावना :**

सुन्दरहैँचा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सुन्दरहैँचा नगरपालिकाको १७ औँ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम 'सुन्दरहैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२' रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक ऐन, २०८२ को अनुसूची ४ मा संशोधन :** सुन्दरहैँचा नगरपालिकाको आर्थिक ऐन, २०८२ (यसपछि "मूल ऐन" भनिएको) को अनुसूची ४ को क्र.सं. ७ मा निम्न व्यहोरा थप गरिएको छ।

मूल ऐनको दफा ५ सँग सम्बन्धित

| क्र.सं. | व्यवसायको विवरण | आ.व. २०८२/०८३ को लागि दररेट | कैफियत |
|---|---|---|---|
| १. | अस्थायी अस्फाल्ट प्लान्ट स्थापना | रु. २५,०००/- | |
| २. | अस्थायी क्रसर स्थापना | रु. ५०,०००/- | |

**३. मूल ऐनको अनुसूची १० मा संशोधन :** मूल ऐनको अनुसूची १० मा निम्न व्यहोरा थप गरिएको छ।

मूल ऐनको दफा १२ को उपदफा (१) सँग सम्बन्धित

१. घरनक्सा अभिलेखीकरण गर्दा नियमानुसार लाग्ने दस्तुरको तीन गुणा दस्तुर लाग्ने तर नगरपालिका, नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायले निर्माण गरेका सार्वजनिक सरकारी घर/संरचनाको नक्सापास/अभिलेखीकरण नि:शुल्क वा छुटमा गर्न सकिने छ।

२. विपद्जन्य सिफारिस नि:शुल्क गरिने छ।

**४. मूल ऐनमा दफा १७क थप गरिएको :** मूल ऐनमा देहाय बमोजिमको नयाँ दफा १७क थप गरिएको छ।

मूल ऐनले व्यवस्था नगरेका विषय क्षेत्रमा कर / दस्तुर / शुल्क वा जरिवाना लिनुपर्ने भएमा स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले तय गर्नेछ।

**आज्ञाले,**

**गणेश राज कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**